

# दोर्दी-१ जलविद्युत खबर

**आयोजना निर्माण कार्य तीव्र गतिमा**

मंसिर २०७५, अंक २५

## आयोजनाको हालको निर्माण अवस्था

दोर्दी–१ जलविद्युत आयोजनाको सुरुङ्ग निर्माण कार्य अन्तर्गत Inlet तर्फबाट ४४८ मिटर सुरुङ्ग निर्माण कार्य सकिएको छ भने Outlet तर्फबाट पनि २४० मिटर सुरुङ्ग निर्माण भइसकेको छ । यसरी, आयोजनाले हाल सम्म Inlet र Outlet तर्फ गरी ६८८ मिटर सुरुङ्ग निर्माण गरिसकेको छ । साथै, पौष मसान्त सम्ममा Inlet / Outlet दुवै तर्फबाट गरी सुरुङ्गको लम्बाई ८०० मिटर पुर्‍याउने लक्ष्यका साथ काम अघि बढिरहेको छ ।

आयोजनाको Civil Works अन्तर्गत Desander को Purge Canal मा डण्डी बाँध्ने र Formworks काम सकी ढलानको काम पनि भइसकेको छ ।

यसका साथै Desander निर्माण कार्यको प्रगति प्रतिशत २२ प्रतिशत पुगेको छ । आयोजना क्षेत्रमा बाँध निर्माणको लागि River Diversion को काम सकिएको छ । साथै बाँध निर्माणको लागि खोलाको बहाब परिवर्तन गर्ने कार्य सकिएर बाँध निर्माणको लागि excavation समेत सुरु भइसकेको छ । आयोजनाको Hydromechanical कार्य अन्तर्गत हेडवर्क्सको सम्पूर्ण Mechanical Components हरुको Detail Design को कार्य सम्पन्न भइसकेको छ ।

आयोजनाले निकट भविष्यमै गेट, पेनस्टक पाइप, डिस्याण्डर गेट, आदिको निर्माण कार्यलाई छिट्टै अघि बढाउने योजना राखेको छ ।

आयोजनाले पेनस्टक पाईप बनाउन आवश्यक पर्ने Steel Plate खरिदका लागि Steel Authority of India Ltd. (SAIL) सँग यसै आश्विन ४ गते गरेको सम्झौता अनुसार ३४० मेट्रिक टन Steel Plate को उत्पादन सकिएर आयातको प्रक्रिया सुरु भइसकेको छ ।



Completion of River Diversion Works




River Diversion Work Completed

उक्त Steel Plate लाई नेपाल भित्राउन आवश्यक सम्पुर्ण तयारी यस आयोजनाले गरिसकेको छ । यसै पौष महिनाभित्र सम्पुर्ण Steel Plate नेपाल ल्याइसक्ने लक्ष्य कम्पनीले राखेको छ ।

त्यसैगरी आयोजनाको Transmission Line को प्रारम्भिक वातावरणीय परीक्षण (IEE) कार्य अघि बढाउनका लागि उर्जा मन्त्रालयमा पेश गरिएको Terms of Reference (ToR) पौषको अन्तिम साताभित्रमा स्वीकृत हुने अपेक्षा राखिएको छ । यस आयोजनाको Transmission Line को ठेकदार चयन गर्न बोलपत्रको मुल्याङ्कन कार्य सुरु भइसकेको छ । आयोजनाको Electromechanical कार्यका लागि ठेकेदार चयन कार्य यस पौष मसान्तसम्ममा समापन गरी निर्माण कार्य अघि बढाउने यस कम्पनीको लक्ष्य रहेको छ ।

दोर्दी १ जलविद्युत आयोजनाको विद्युत राष्ट्रिय प्रसारण ग्रीडमा जोड्न आवश्यक नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सबस्टेसनको निर्माण कार्य सुरु भईसकेको छ ।

यस दोर्दी १ जलविद्युत आयोजनाको प्रबद्धक रहेको दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडको बार्षिक साधारण सभा यसै मंसिर २७ का दिन सफलतापूर्वक सम्पन्न भएको छ ।



Survey Works Ongoing inside Tunnel

साधारणसभाले निर्णय गरेअनुसार कम्पनीले सर्वसाधरणलाई सेयर निष्काशन गर्ने प्रक्रिया अघि बढाउने छ ।



Blasting Preparation - Explosive Packing Works



Rebar placing in Desander Purge Canal


सम्पादक : कृतिका भट्ट

दोर्दी खोला जल विद्युत कम्पनी लिमिटेड

त्रिपुरेश्वर, काठमाडौं

फोन न: ९७७-१-४२३२७५०

ईमेल :info@dordikhola.com.np

वेबसाइट: www.dordikhola.com.np